लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः७ संख्याः २० मितिः २०८१/०९/०१

**भाग -१**

## लालीगुराँस नगरपालिका वसन्तपुर तेह्रथुम

## लालीगुराँस नगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८१

नगर सभाबाट पारित मितिः २०८१।०३।२८

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८१।०८।२५

**प्रस्तावनाः** लालीगुराँस नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विपद् प्रभावित सरोकारवाला व्यक्ति तथा निकायलाई निष्पक्ष र पारदर्शी तवरले तत्काल राहत उपलब्ध गराउनका लागि ऐन बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ मा उल्लिखित विपद् व्यवस्थापन सम्बन्धी अधिकारलाई नगरपालिका क्षेत्रभित्र कार्यान्वयन गर्न संविधानको धारा ५७ को उपधारा ४ ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगरपालिकाको चौधौं नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "लालीगुराँस नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८१" रहेको छ।

(२) यो ऐन लालीगुराँस राजपत्रमा प्रकाशन भए पश्चात् लागू हुनेछ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "नगर प्रमुख" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको नगर प्रमुखलाई सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले यस ऐनको दफा १२ बमोजिमको विपद् (प्रकोप) व्यवस्थापन कोषलाई सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले लालीगुराँस नगर कार्यपालिकाको कार्यालय, बसन्तपुर, तेह्रथुमलाई सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले लालीगुराँस नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "नगरपालिका" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमलाई सम्झनुपर्छ।

(च) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनुपर्छ।

(छ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐन बमोजिम तेह्रथुम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ज) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐन बमोजिम कोशी प्रदेशमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लालीगुराँस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ञ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ।

(ट) "राहत रकम" भन्नाले विपद् प्रभावित व्यक्ति वा निकायलाई यस ऐनको दफा १८ को उपदफा (१) वा उपदफा (२) बमोजिम उपलब्ध गराइने रकमलाई सम्झनुपर्छ।

(ठ) "राहत सामाग्री" भन्नाले विपद् प्रभावित व्यक्ति तथा निकायलाई उपलब्ध गराइने राहत रकम बाहेकको खाद्यान्न वा लत्ता कपडा वा अन्य कुनै जिन्सी सामाग्रीलाई सम्झनुपर्छ।

(ड) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐन बमोजिम गठन हुने राष्ट्रिय कार्यकारी समितिलाई सम्झनुपर्छ।

(ढ) "राष्ट्रिय परिषद्" भन्नाले संघीय ऐन बमोजिम गठन हुने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्लाई सम्झनुपर्छ।

(ण) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐन बमोजिम गठन हुने राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सम्झनुपर्छ।

(त) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ।

(थ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ।

(द) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनुपर्छ।

(ध) “विपद् पुनर्लाभ” भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ।

(न) “विपद् प्रतिकार्य” भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ।

(ऩ) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ।

(प) “व्यावसायिक प्रतिष्ठान” भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनुपर्छ।

(फ) “सभा” भन्नाले लालीगुराँस नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(ब) “समिति” भन्नाले यस ऐनको दफा ३ बमोजिमको लालीगुराँस नगरपालिकाको नगर विपद् व्यवस्थापन समिति सम्झनुपर्छ।

(भ) “संघीय ऐन” भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी ऐनलाई सम्झनुपर्छ।

(म) “संघीय मन्त्रालय” भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनुपर्छ।

(य) “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था र सो शब्दले नगरपालिका क्षेत्रभित्रका उपभोक्ता समिति, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता समुह लगायतका संस्था समेतलाई सम्झनुपर्छ।

# परिच्छेद २

## नगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **नगर विपद् व्यवस्थापन समितिः** (१) नगरपालिका क्षेत्रभित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक नगर विपद् व्यवस्थापन समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) नगरपालिका क्षेत्रभित्रका सबै वडाका वडा अध्यक्षहरु -सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, तेह्रथुम -सदस्य

(च) कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(छ) कार्यालयको पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ज) नगरपालिका क्षेत्रभित्र रहेका संघीय/प्रादेशिक सुरक्षा निकायका प्रमुखहरु -सदस्य

(झ) नगरपालिका क्षेत्रभित्र क्रियाशिल राष्ट्रिय मान्यताप्राप्त राजनैतिक दलका प्रमुख वा प्रतिनिधि एक/एकजना -सदस्य

(ञ) नगरपालिकास्तरीय नेपाल रेडक्रस सोसाईटीको प्रमुख वा प्रतिनिधी एकजना -सदस्य

(ठ) नगरपालिकास्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधी एकजना -सदस्य

(ड) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि एकजना -सदस्य

(ढ) नगरपालिका क्षेत्रभित्र क्रियाशील गैरसरकारी संघ/संस्थाका अध्यक्षहरुमध्येबाट नगर प्रमुखले तोकेका कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ण) नगरपालिका क्षेत्रभित्र क्रियाशील गैरसरकारी संस्थाहरुबाट प्रतिनिधित्व हुनेगरी जिल्लास्थित गैर सरकारी महासंघले तोकेको एकजना -सदस्य

(त) नगरपालिकाको नगर प्रहरी प्रमुख -सदस्य

(थ) विपद् व्यवस्थापन हेर्ने शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले संघीय तथा प्रादेशिक ऐनमा उल्लेख गरिने स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः** (१) नगर प्रमुखले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा नगर प्रमुखले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र घटीमा दुईजना वडा अध्यक्षहरु उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) समितिको बैठक नगर प्रमुखको अध्यक्षतामा बस्नेछ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा नगर प्रमुखले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ/संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) समितिको निर्णय नगर प्रमुख र सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुनेगरी नगर विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी स्वीकृतीका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ख) सभा तथा कार्यपालिकाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(ग) नगरपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(ङ) नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, टोल विकास संस्था, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रही सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई

आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जानसक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) विपदबाट स्थानीयस्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने।

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र, एम्बुलेन्स लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा सभा वा कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने, गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी अन्य कार्य गर्ने, गराउने,

(ष) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका बिषयवस्तुलाई व्यवस्थापन गर्ने, गराउने।

## परिच्छेद ३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **वडा स्तरीय विपद् व्यवस्थापन समितिः** (१) नगरपालिकाको प्रत्येक वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति रहनेछ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरू -सदस्य

(ग) वडाभित्र रहेका विषयगत कार्यालय प्रमुखहरू -सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(ङ) वडाभित्र क्रियाशिल राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका वडास्तरीय प्रमुख वा प्रतिनिधि एक/एकजना -सदस्य

(च) स्थानीय रेडक्रसका प्रतिनिधि एकजना, -सदस्य

(छ) वडामा क्रियाशील गैरसरकारी संस्थाका अध्यक्षहरु मध्येबाट वडाध्यक्षले तोकेको तीनजना -सदस्य

(ज) वडा सचिव -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको वडा अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा वडा अध्यक्षले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र, त्यस्तो अवस्थामा संयोजक र घटीमा दुईजना वडा सदस्य र वडा सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(७) समितिको बैठकको अध्यक्षता वडा अध्यक्षले गर्नेछ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा वडा अध्यक्षले निर्णायक मत दिनेछ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ/संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था नगर विपद व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(११) समितिको निर्णय वडा अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

७. **वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाभित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि नगर विपद् व्यवस्थापन मितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने, विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने, गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद ४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

८. **सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः** (१) नगर विपद् व्यवस्थापन समितिले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगर विपद् व्यवस्थापन समितिसँग आवश्यक सामग्री माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराइनेछ।

९. **वारुणयन्त्र, एम्बुलेन्स तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः** (१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन नगर विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोतको तत्काल व्यवस्थापन गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ।

१०. **सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः** (१) विपद् व्यवस्थापन सम्बन्धमा नगरपालिका क्षेत्रभित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने।

(२) नगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

११. **विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने:** नगरपालिका क्षेत्रभित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ/संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा नगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद ५

## विपद् (प्रकोप) व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. **विपद् (प्रकोप) व्यवस्थापन कोषः** (१) विपद् व्यवस्थापनका लागि नगरपालिकामा छुट्टै एक आकस्मिक विपद् (प्रकोप) व्यवस्थापन कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्:

(क) सभा वा कार्यपालिकाबाट विपद् (प्रकोप) व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्नेछ।

(४) कोषको सञ्चालन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम बमोजिम हुनेछ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कामका लागि प्रयोग गरिनेछ।

(६) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(७) कार्यालयले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत् सभा समक्ष पेश गर्नेछ।

## परिच्छेद ६

## कसूर तथा सजाय

१३. **कसूर र सजायः** कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष  संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारवाही प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ।

## परिच्छेद ७

## विविध

१४. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वयः** (१) नेपाल सरकारले नगरपालिका क्षेत्रभित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु नगरपालिकाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन नगरपालिकाका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा नगरपालिकाले सहयोग र समन्वय गर्नेछ।

१५. **<u>नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने:</u>** (१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनि नगरपालिकाले सोधखोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नगरपालिकाले नेपाल सरकारलाई उपलब्ध गराउनेछ।

१६. **<u>मानवीय तथा अन्य सहायता र समन्वय:</u>** (१) नगरपालिका क्षेत्रभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रही तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सोको व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै वा जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुर्याउनु नगरपालिकाको दायित्व हुनेछ।

१७. **<u>तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने:</u>** (१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम एक तह माथिको अधिकारीको निर्णयमा कार्यालयले तत्काल खरिद वा निर्माण कार्य गर्न सक्नेछ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

१८. **राहत रकम तथा सामाग्री वितरणको न्युनतम मापदण्ड सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण प्रभावित व्यक्ति तथा निकायलाई तत्काल राहत उपलब्ध गराउन स्थानीय प्रहरी सर्जमिन मुचुल्का सहित सम्बन्धित वडाले सिफारिस गरेमा प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी नगर प्रमुखको निर्णयबाट देहायको सीमामा रही राहत रकम र सामाग्री उपलब्ध गराउन सकिनेछः

(क) प्राकृतिक विपदबाट प्रभावित व्यक्ति तथा निकायलाई अधिकतम पच्चीस हजार रुपैंयासम्म।

(ख) गैर प्राकृतिक विपदबाट प्रभावित व्यक्ति तथा निकायलाई अधिकतम पन्ध्र हजार रुपैंयासम्म।

(२) उपदफा (१) मा उल्लिखित सीमाभन्दा बढी जतिसुकै रकमको हकमा कार्यपालिकाको निर्णयबाट मात्र राहत रकम तथा सामाग्री उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा व्यवस्था भएको राहत रकम तथा सामाग्री पाउन चाहने विपद् प्रभावित व्यक्ति तथा निकायले अनुसूची १ बमोजिमको ढाँचामा आफ्नो वडामा आवेदन गर्नु पर्नेछ।

(४) वडाले उपदफा (१) बमोजिम परेको आवेदन उपर छानवीन गरी राहत रकम तथा सामाग्री पाउनका लागि योग्य देखिएका व्यक्तिको अभिलेख अनुसूची २ बमोजिमको ढाँचामा तयार गरी राख्नु पर्नेछ।

(५) वडाले राहत रकम तथा सामाग्री पाउन योग्य देखिएका व्यक्तिलाई राहत रकम तथा सामाग्री उपलब्ध गराई दिने सिफारिस पत्र अनुसूची ३ बमोजिमको ढाँचामा जारी गर्न सक्नेछ।

(६) अनुसूची ४ बमोजिमको प्रमाणित निर्णय अभिलेखका आधारमा कार्यालयको जिन्सी वा सम्पत्ति व्यवस्थापन शाखा/उपशाखाको प्रमुखले राहत रकम तथा सामाग्री पाउने व्यक्ति वा निकायलाई तत्काल राहत रकम तथा सामाग्री उपलब्ध गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम तत्काल राहत रकम तथा सामाग्री उपलब्ध गराउन कार्यालयले जिन्सी वा सम्पत्ति व्यवस्थापन शाखा/उपशाखा प्रमुखलाई प्रकोप व्यवस्थापन कोषबाट पेश्की उपलब्ध गराउनु पर्नेछ।

(८) उपदफा (१) वा उपदफा (२) मा उल्लिखित राहत रकमका अतिरिक्त अनुसूची ४ बमोजिमको प्रमाणित निर्णय अभिलेखका आधारमा विपद् प्रभावित व्यक्ति तथा निकायलाई राहत सामाग्री समेत उपलब्ध गराउन सकिनेछ।

(९) उपदफा (१) र (२) बमोजिमको राहत वितरणको मापदण्डमा अन्य विषयको अतिरिक्त सम्भव भए सम्म देहायका विषयहरु समेत समावेश भएको हुनु पर्नेछः

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय।

१९. **विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा:** विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका नगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

२०. **निर्देशन दिन सक्ने:** कार्यपालिका वा समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र, त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

२१. **उपसमिति गठन गर्न सक्ने:** (१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखतनै तोकिए बमोजिम हुनेछ।

२२. **अभिलेख राख्नु पर्ने:** (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलव्ध गराईको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिको निर्णय बमोजिम समितिका सदस्य सचिवले मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्टरूपमा राख्नुपर्नेछ।

२३. **पुरस्कार दिन सक्ने:** स्थानीय विपद् व्यवस्थापनमा विशेष योगदान पुर्‍याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप नगर प्रमुख वा समितिले सम्मान तथा पुरस्कार दिन सक्नेछ।

२४. **वार्षिक प्रतिवेदन:** (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत सभा समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सभामा पेश भएको वार्षिक प्रतिवेदन कार्यालयले सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

२५. **प्रशासनिक एवम् पुँजीगत खर्च व्यवस्थापनः** (१) नगर प्रमुखस्तरको निर्णयबाट विपद् व्यवस्थापनसँग सम्बन्धित प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्य गर्न दश लाख रुपैंयासम्मको प्रशासनिक एवम् पुँजीगतसँग सम्बन्धित खर्च कार्यालयले कोषवाट व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) मा उल्लिखित रकमभन्दा बढी रकम कोषबाट खर्च लेख्नु पर्दा कार्यपालिकाको निर्णयबाट मात्र हुनेछ।

२६. **अधिकार प्रत्यायोजनः** यो ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियम वा मापदण्ड वा निर्देशिका वा कार्यविधि बमोजिम समिति तथा पदाधिकारीलाई लाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सकिनेछ।

२७. **खारेजी र बचाऊः** (१) प्रकोप व्यवस्थापन सँग सम्बन्धित लालीगुराँस नगरपालिकाले जारी गरेका सबै कार्यविधि एवम् मार्गदर्शनहरु खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेख भएको कार्यविधि एवम् मार्गदर्शन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची १

(दफा १८ को उपदफा (३) सँग सम्बन्धित)

(राहत रकम तथा सामाग्री प्राप्तिको लागि वडामा दिइने आवेदनको ढाँचा)

मितिः २० । ।

श्री वडा अध्यक्ष ज्यू,

.... नं. वडा कार्यालय, लालीगुराँस नगरपालिका, तेह्रथुम।

विषयः राहत रकम तथा सामाग्री पाउन सिफारिस उपलब्ध गराई पाउँ।

महोदय,

प्रस्तुत विषयमा यही मिति २० । । का दिन घटेको विपद्जन्य घटना (प्राकृतिक तथा गैरप्राकृतिक विपद् कुन हो? सो उल्लेख गर्ने ........................................................................................................) ले मेरो/हाम्रो (क्षतिको संक्षिप्त विवरण खुलाउने.............................. ...................................................................) क्षति भएको छ। उक्त क्षतिको स्थानीय श्री ................................................................. (प्रहरी कार्यालयको नाम उल्लेख गर्ने) ले मिति २० । । गतेका दिन स्थलगत सर्जमिन समेत गरेको छ। लालीगुराँस नगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८१ ले स्थापना गरेको विपद् (प्रकोप) व्यवस्थापन कोषबाट सोही ऐनको दफा १८ ले व्यवस्था गरे अनुसारको राहत रकम वा सामाग्री पाउनका लागि सिफारिस उपलब्ध गराई दिनु हुन तपसिलका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु।

निवेदकको नाम, थरः

ठेगानाः

दस्तखतः

सम्पर्क नम्बरः

बाबु/बाजे र पति/पत्नीको नाम,थरः

मितिः २० । ।

**संलग्न गर्नुपर्नेअनिवार्य कागजातः**

१. स्थानीय प्रहरी सर्जमिन मुचुल्का,
२. नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी,
३. विपद्को फोटो २ प्रति।
४. बैंक खाता खोलेको भए बैंक खाता नम्बर।

(विपद् प्रभावित व्यक्ति स्वयम् उपस्थित हुन नसकेमा विपद् प्रभावित व्यक्तिको एकासगोलका परिवारभित्रका कुनै व्यक्तिले आफ्नो विवरण उल्लेख गरी राहतका लागि आवेदन गर्न सकिनेछ)

# अनुसूची २

(दफा १८ को उपदफा (४) सँग)

(राहत रकम वा सामाग्रीको सिफारिस गरिएका व्यक्ति/निकायको वडामा रहने अभिलेखको ढाँचा)

लालीगुराँस नगरपालिका

.... नं. वडा कार्यालय,

| सि.नं. | राहत रकम वा सामाग्रीको सिफारिस गरिएको व्यक्ति /निकायको नाम, थर | बाबु/बाजे तथा पति/पत्नीको नाम, थर | क्षतिको सर्जमिन गर्ने प्रहरी कार्यालयको नाम तथा पत्रको चलानी नं. र मिति | क्षति भएको रकम खुल्ने गरी क्षति सम्बन्धी संक्षिप्त विवरण | यस अघि राहत वा सामाग्री लिए/नलिएको | क्षतिको फोटो | वडा अध्यक्षको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची ३

(ऐनको दफा १८ को उपदफा (५) सँग सम्बन्धित)

(वडाले कार्यालयमा गर्ने सिफारिस पत्रको ढाँचा)

मितिः २०  ।  ।

श्री लालीगुराँस नगर कार्यपालिकाको कार्यालय,
बसन्तपुर, तेह्रथुम।

विषयः राहत रकम वा सामाग्री उपलब्ध गराई दिने।

यस वडा निवासी श्री ......................................................... ........................................ को मिति २०   ।   । मा .............................................................................................. .................................... प्राकृतिक/गैरप्राकृतिक प्रकोप के हो? सोको संक्षिप्त विवरण उल्लेख गर्ने) का कारण .................................................. मूल्य बराबरको क्षति भएको भनी श्री ....................................(प्रहरी कार्यालयको नाम उल्लेख गर्ने) बाट मिति २०  ।  । मा भएको स्थलगत सर्जमिनबाट समेत खुल्न आएको हुँदा लालीगुराँस नगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८१ ले स्थापना गरेको विपद् (प्रकोप) व्यवस्थापन कोषबाट सोही ऐनको दफा १८ ले व्यवस्था गरे अनुसारको राहत रकम वा सामाग्री निजलाई उपलब्ध गराई दिनु हुन सिफारिससाथ अनुरोध गर्दछु।

(                    )

वडा अध्यक्ष

**संलग्न गर्नुपर्ने अनिवार्य कागजातहरुः**

१. स्थानीय प्रहरी सर्जमिन मुचुल्का,
२. राहत रकम पाउने व्यक्तिको नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी,
३. विपद्को फोटो १ प्रति।
४. बैंक खाता खोलेको भए बैंक खाता नम्बर।

# अनुसूची ४

(ऐनको दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

(राहत रकम वा सामाग्री पाउने व्यक्ति वा निकायको कार्यालयको सम्पत्ति व्यवस्थापन वा जिन्सी शाखा/उपशाखामा रहने प्रमाणित निर्णय अभिलेख)

लालीगुराँस नगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८१ ले व्यवस्था गरे बमोजिम देहायका व्यक्ति वा निकाय राहत रकम वा सामाग्री पाउन योग्य देखिएकाले ऐनको दफा १८ को उपदफा (१ वा २) ले व्यवस्था गरेको राहत रकम वा सामाग्री उपलब्ध गराउन निर्णयका लागि पेश गरेको छु।

सम्पत्ति व्यवस्थापन वा जिन्सी शाखा/उपशाखाको प्रमुख वा कर्मचारीको नाम, थरः

हस्ताक्षरः मितिः

| सि.नं. | राहत रकम वा सामाग्री पाउने व्यक्तिको नाम, थर, नागरिकता/जन्म दर्ता प्रमाण पत्र नं. | बाबु/बाजे/पति/पत्नीको नाम, थर | सिफारिस गर्ने वडाको नाम, पत्रको च.नं. र मिति | प्राकृतिक वा गैरप्राकृतिक प्रकोप कुन हो? सो उल्लेख गर्दै क्षतिको संक्षिप्त विवरण लेख्ने | क्षतिको सर्जमिन गर्ने प्रहरी कार्यालयको नाम र सर्जमिन मिति | यस अघि राहत रकम वा सामाग्री लिए/नलिएको | क्षतिकोफोटो | राहत रकम | राहत सामाग्री |
|---|---|---|---|---|---|---|---|---|---|

लालीगुराँस नगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८० को दफा १८ को उपदफा (१) को खण्ड (क) वा (ख) ले व्यवस्था गरेको मापदण्डभित्र रही राहत रकम तथा सामाग्री माथि उल्लिखित व्यक्ति तथा निकायलाई तत्काल उपलब्ध गराउने निर्णय गरियो।

नाम, थरः नाम,थरः

दर्जाः प्रमुख प्रशासकीय अधिकृत वा दर्जाः नगर प्रमुख

हस्ताक्षरः हस्ताक्षरः

मितिः मितिः

माथि उल्लेख भए बमोजिमको निर्णय अनुसार राहत रकम रु. ........................................... वा राहत सामाग्री ( ) बुझि लिई यो भर्पाई गरी दिएँ।

रकम बुझ्नेको-

नाम, थरः हस्ताक्षरः

सम्पर्क नम्बरः

ठेगानाः

राहत रकम वा सामाग्री बुझाउने कर्मचारीको नाम, थरः हस्ताक्षरः

**आज्ञाले**

**सन्तोष घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**